नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्रोत परिचालन समन्वय शाखा)

फोन नं ४२०००००, ४२००२८१
फयाक्स ४२००३१४

पत्र संख्याः २०७७।७८
चलानी नं: ९१

मिति २०७७।०६।०९

श्री स्थानीय तहहरु सबै ।

विषयः विवरण उपलब्ध गराईदिनुहुन ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा ६० को उपधारा (८) अनुसार राजस्व सम्बन्धी संघिय ऐन बनाउँदा स्थानीय तहको राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग समेतलाई ध्यान दिनुपर्ने व्यवस्था रहेको, त्यसैगरी राष्ट्रीय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहलाई प्राकृतिक स्रोतको परिचालन, राजस्वको बाँडफाँड तथा अनुदान सिफारिस गर्दा सम्बन्धित स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता तथा राजस्व सङ्कलनमा गरेको प्रयासलाई आधारको रुपमा लिईने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेंबमोजिमका आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यहोरा विदितै छ।

यस मन्त्रालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रममा स्थानीय तहहरुको आ.व. २०७६/०७७ को राजस्व परिचालन स्थितिपत्र तयार गर्ने कार्यक्रम रहेको र उक्त स्थितिपत्रले स्थानीय तहको प्राकृतिक स्रोत परिचालन गर्न, राजस्वको बाँडफाँड गर्न तथा अनुदान सिफारिस गर्न समेत आधार तयार गर्ने हुदाँ संलग्न स्वीकृत फाराममा उल्लेख भए अनुसारको विवरण खुलाई ३० दिनभित्र देहायको इमेल ठेगानामा आइपुग्ने गरी अनिवार्य उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७/०६/०९

विवरण पठाउने इमेल ठेगाना:- rmc.section@mofaga.gov.np

(राज कुमार बोहरा)
शाखा अधिकृत

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनुहुन।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम-समन्वय इकाई मार्फत पत्र साथ संलग्न विवरण अनुसारको तथ्याङ्क संकलनको लागी सहयोग गरिदिनुहुन।